## बगनासकाली गाउँपालिका

# स्थानीय राजपत्र

## करार शिक्षक छनौट कार्यविधि २०७६

**बगनासकाली गाउँ कार्यपालिकाको बैठकबाट**

(पारित मिति २०७६/०९/२५)

प्रस्तावना :

राष्ट्रले अँगालेको शैक्षिक उद्देश्यहरुको परिपुर्तिका लागि, विद्यालयहरुमा रिक्त भएका र पछि रिक्त हुने सबै प्रकारका शिक्षक दरबन्दी तथा विद्यालय कर्मचारीहरुलाई, नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी संबिधानको अनुसुची ८ र नेपालको शिक्षा ऐन तथा शिक्षा नियमावली (संशोधन सहित) को नियम ९६क बमोजिम करारमा नियुक्ती गरि पदपुर्ति गर्न आवश्यक भएकाले बगनासकाली गाउँ शिक्षा समितिले यो करार शिक्षँक नियुक्तीको कार्यविधि २०७६ बनाई जारी गरेको छ ।

## परिच्छेद : एक

## प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम करार शिक्षक छनौट कार्यविधि २०७६ रहेको छ ।

ख) यो कार्यविधि बगनासकाली गा.पा.मा तुरुन्त लागु हुनेछ ।

२) परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

क) शिक्षक भन्नाले विद्यालयहरुमा पठ्न पाठनको लागि नियुक्त भएका व्यक्ति सम्झनु पर्दछ ।

ख) विद्यालय कर्मचारी भन्नाले विद्यालयहरुमा कार्यरत विद्यालय सहायक/सहयोगी लाई सम्झनु पर्दछ ।

ग) करार भन्नाले विद्यालयहरुमा निवृत्तभरण नपाउने अस्थायी रुपमा कार्य गर्ने गरी नियुक्ति भएका शिक्ष्ँक कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

घ) परीक्षा केन्द्र : भन्नाले करारमा नियुक्ती गर्नको लागी उम्मेदवार छनौट गर्न परीक्षा लिन तोकिएको परीक्षा स्थान सम्झनु पर्दछ ।

ङ) विद्यालय भन्नाले विघमान ऐन, नियम बमोजिम स्थापन भै सञ्चालनमा रहेका अनुमती प्राप्त वा स्विकृती प्राप्त विद्यालयहरु सम्झनु पर्दछ ।

३) विज्ञापन आव्हान सम्बन्धमा

क) विद्यालयमा रिक्त हुने सवै प्रकारका शिक्षक पद तथा विद्यालय कर्मचारीको करारमा पदपुर्तिको लागि सम्बन्धित विद्यालय व्यवस्थापन समितिको बैठक निर्णय सहित गाउँकार्यपालिकाबाट सिफारिस लिई जिल्ला शिक्षँ विकास तथा समन्वय इकाईबाट अनुमति लिनु पर्नेछ ।

ख) शिक्षा विकास तथा समन्वय इकाईबाट विज्ञापन खोल्ने अनुमति लिए पछि मा.वि./नि.मा.वि. तहको हकमा विषय समेत खुल्ले गरि कम्तीमा १५ दिनको म्याद दिई दरखास्त दिन सम्बन्धितको जानाकारीको लागि दरखास्त आह्वन गर्नु पर्नेछ।

ग) विज्ञापन प्रकाशित गर्दा सबैले जानाकारी पाउने गरी शिक्षँ विकास तथा समन्वय इकाई, गाउँकार्यपालिका कार्यालय, सम्बन्धित विद्यालयमा सुचना टाँस गर्नुको साथै पत्रपत्रिकामा समेत सूचना प्रकाशित गर्नु पर्ने छ।

घ) शिक्षक तथा विद्यालय कर्मचारीको लागी दरखास्त लिदा सम्बन्धित पदको लागि तोकिएको न्यूनतम योग्यताका प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, अध्यापन अनुमतीपत्र (विद्यालय कर्मचारी बाहेक) समेत हेरी चेकजाँच गरी सम्बन्धित विद्यालयमा दरखास्त दर्ता गरी लिइने छ।

४) छनौट परीक्षा समिति

विद्यालयमा करारमा नियुक्ती हुने शिक्षक तथा कर्मचारीहरुको लागि देहाय बमोजिमको छनौट समिति रहने छ।

१) उ.मा.वि. तहको शिक्षक छनौटको लागि उ.मा.वि. शिक्षक व्यवस्थापन निर्देशिका बमोजिम

क) सम्बन्धित विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष -अध्यक्ष

ख) सम्बन्धित विषयको विषेशज्ञ - सदस्य

ग) सम्बन्धित विद्यालयको प्र.अ.- सदस्य सचिव

घ) शा.अ.शिक्षा - आमन्त्रति सदस्य

२) मा.वि. /नि.मा.वि./ प्रा.वि. शिक्षक छनौटको लागि शिक्षा नियमावलि तथा प्राप्त नीति निर्देशन बमोजिम :

क) सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - अध्यक्ष

ख) शाखा अधिकृत (शिक्षँ) - सदस्य

ग) विषय विशेषज्ञ - सदस्य

घ) विषय विशेषज्ञ - सदस्य

ङ) प्रधानाध्यापक सदस्य सचिव

३) वालशिक्षक / विद्यालय कर्मचारी छनौटको लागि

क) वि.व्य.स. अध्यक्ष - अध्यक्ष

ख) वि.व्य.स. बाट मनोनित विषेशज्ञ - सदस्य

ग) शा.अ. शिक्षा - सदस्य

घ) प्रधानाध्यापक - स.सचिव

५) बिषय विषेशज्ञ लिदा बि.व्या.स.ले शिक्षा शाखासंगको समन्वयमा सूचिकृत बिषय विषेशज्ञको नामावली लिष्टबाट छनौट गरि निणय गरि लिनु पर्नेछ ।

६) छनौट सम्बन्धि कार्यविधी

विद्यालय शिक्ष्ँक तथा कर्मचारीहरु करारमा नियुक्तिको लागि छनौट गर्न तपशिल अनुसारको विधी र प्रकृया अपनाई निस्पक्ष, स्वच्छ र तटस्थ रुपमा उम्मेदवार छनौट गरिने छ ।

क) करार शिक्षक नियुक्तीको लागी निवेदकहरुबाट छनौट गर्न १०० पुर्णाङ्कको लिखित परीक्षा (६० पुर्णाङ्कको विषयगत र ४० पुर्णाङ्कको वस्तुगत), १५ पुर्णाङ्कको मौखिक (अन्तवार्ता परीक्षा) , शैक्षिक योग्यता वापत ५ नम्वर (न्यूनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणी भए ३, द्धितीय श्रेणी भए २, र माथिल्लो शैक्षिक योग्यता कुनै एक को प्रथम श्रेणी भए २, द्धितीय श्रेणी भए १ ) गरी जम्मा १२० पुर्णाङ्कको परीक्षा लिई छनौट गरिने छ । तर उ.मा.वि. शिक्षकको हकमा उ.मा.वि. शिक्षक छनौट निर्देशिका बमोजिम र वालशिक्ष्ँक तथा विद्यालय कर्मचारीको लागी छनौट समिति आफैले विधि बनाई छनौट परीक्षा लिन सक्ने छ ।

ख) लिखित परीक्षाको प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परिक्षणको जिम्मा छनौट समितिको रोहवरमा सम्बन्धित परीक्षा केन्द मै गर्नेगरी सम्बन्धित विषय विषेशज्ञलाई दिइने छ ।

ग) विद्यालय शिक्षक तथा कर्मचारी नियुक्तीको लागि छनौट परीक्षा लिंदा सम्बन्धित उम्मेदवारहरु छनौट समितिका व्यक्ति कसैको एकाघरको सहोदर नातेदार पर्ने भए एकिन गरेर मात्र छनौट समितिमा बस्ने त्यस्तो नातेदार पर्ने भएमा उक्त छनौट समितिमा नबस्ने यस कार्यको निर्कोल  गर्न सम्बन्धित प्र.अ. ले छनौटको अधिल्लो दिन नै वि.व्य.स. बैठकमा जानाकारी गराउने र अर्को सदस्यको व्यवस्था गर्ने ।

घ) लिखित परीक्षँको प्रशनपत्र निर्माण गरिसकेपछि, परीक्षँ सञ्चालन अवधीमा उत्तरपुस्तिका  परीक्षँण गर्ने विष(ाय विषेशज्ञले परीक्षार्थीको उत्तरपुस्तिका नहेर्ने अर्थात परीक्षँर्थीको हस्तलिपि नहेर्ने (हेर्न नपाउने) उत्तरपुस्तिका कोडिङ गरेर मात्र विषय विषेशज्ञले कापी बुझि परिक्षण गर्ने ।

ङ) उत्तरपुस्तिका अत्यान्तै गोप्य तवरवाट कोडिङ गर्ने कार्य शा.अ. (वि.नि) ले गरेर मात्र विषय विषेशज्ञलाई परीक्षँणको लागि उपलब्ध गराउने ।

च) परीक्षार्थीले उत्तरपुस्तिकाको पहिले पाना (कोड राख्ने पाना) मा कुनै प्रश्न हल नगर्न निर्देशन दिने र सो पानामा कोड राखेर मात्र नाम रो.नं. छुट्टाई परीक्षणको लागि विषय विषेशज्ञ लाई दिने ।

छ) परीक्षार्थीले उत्तरपुस्तिका कोडिङ् गर्ने पानाको निर्दिष्ट स्थानमा बाहेक अन्यत्र कुनै संकेत नाम रो.न. केहि नलेख्न निर्देशन दिने र यस्तो निर्देशन दिँदादिँदै पनि त्यस्तो गरेको पाइएमा कोड राख्ने समयमा कोड राख्ने

व्यक्तिले अन्य उम्मेदवारको उत्तरपुस्तिका संग फरक नपर्ने गरी मेटाएर मात्र विषय विषेशज्ञलाई परिक्षणको लागि दिने ।

ज) अन्तर्वाताको लागि छुट्टाईएको १५ अंकको मुल्याङ्कन शिक्षँक सेवा आयोग नियमावलीको नियम २२ ग बमोजिम हुने गरी अंक प्रदान गर्ने

झ) लिखित परीक्षँ लिई सके पछि शिक्षक सेवा आयोग नियमावलीको नियम १८ (२) बमोजिम उत्तिर्णाङ्क प्राप्त गर्ने उम्मेदवारहरु मध्ये सवै भन्दा बढी अंक प्राप्त गर्नेहरुवाट छनोट गरी सोहि नियमावलीको नियम २० (१) बमोजिम हुने गरी अन्तर्वाताको लागि उम्मेदवारको नाम वर्णानुक्रम अनुसार प्रकाशित गर्ने ।

ञ) छनोट समितिमा रहेका सवै जनाले अन्तर्वार्ताको लागि एकै प्रकारको अलग अलग फारम प्रयोग गरी अन्तर्वार्ताको मुल्याङ्कन गर्ने । तर अन्तर्वार्ता मुल्याङ्कन गर्दा एक आपसमा छलफल नगरी अंक प्रदान गर्ने र सवै जनाको अंकको कुल जोडको औषत निकाली निर्णय अंक राख्ने ।

ट) छनौट परीक्षँको लिखित, अन्तर्वार्ता तथा प्रयोगात्मक परीक्षा समेत एकै दिन गर्नु पर्दा सम्बन्धित उम्मेदवार (परीक्षार्थी)हरुको लिखित सहमती लिई परीक्षँ गर्नुपर्ने ।

ठ) लिखित, मौखित तथा अन्तर्वार्ता समेतका परीक्षाहरु सम्पन्न गरी सकेपछि सवै भन्दा बढि अंक प्राप्त गर्नेलाई सफल धोषणा गरी नियुक्तीको लागि वि.व्य.स.मा सिफारिस गर्ने र दोस्रो स्थान प्राप्त गर्ने व्यक्तिलाई वैकल्पिक उम्मेदवारको रुपमा सिफारिस गर्ने ।

ड) छनौट भएको उम्मेदवारलाई वि.व्य.स.ले निर्णय गरी करार नियुक्ति गर्ने यदि सफल उम्मेदवारले बढिमा ७ दिन भित्र नियुक्ती लिई कामकाज नगरे वा नगर्ने संकेत

गरे वि.व्य.स. ले कैकल्पिक उम्मेदवारलाई नियुक्ती दिन सक्ने छ ।

ढ) करार शिक्षक छनौट परीक्षँमा खटिने परीक्षा समितिका पदाधिकारीहरुलाई खाना खाजा तथा आतेजाते बापत देहाय बमोजिमको पारिश्रमिक विद्यालय आफैले उपलब्ध गराउनु पर्नेछ ।

१) उ.मा. वि तहको लागि प्रति व्यक्ति रु. ४०००।-

२) मा.वि./नि.मा.वि./प्रा.वि./लेखा कर्मचारी प्रतिव्यक्ति रु. ३०००।-

३) वालशिक्षक तथा विद्यालय सहयोगी प्रतिव्यक्ति रु. २०००।-ण) शिक्षक तथा विद्यालय कर्मचारीहरु छनौट गर्नको लागि बगनासकाली गाउँकार्यपालिका अथवा शिक्षँ विकास तथा समन्वय इकाई परीक्षँ केन्द्रको रुपमा रहने छ ।

त) छनौट गर्ने कार्य यसै कार्यविधि, उ.मा.वि. शिक्षक निर्देशिका तथा शिक्षा ऐन नियम र प्राप्त निर्देशनहरुको आधारमा रहि सम्पन्न गर्नुपर्ने छ ।

थ) छनौट समितिले कार्यविधिमा कुनै कुरा थपधट गर्न आवश्यक ठानेमा प्रचलित शिक्षा ऐन नियम,निर्देशिकाको प्रतिकुल नहुने गरि थप स्पष्ट गरि कार्य सम्पन्न गर्न सक्ने छ ।

**आज्ञाले**

**सुन्दर प्रसाद श्रेष्ठ**

**प्रमुख प्रशासकीय अधिकृत**